# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

## नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रकाशन मितिः २०८२।०५।०५ गते)

भरतपुर महानगरपालिका अर्न्तगत रहने गरी देहायको पद, सङ्ख्या र योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, उम्मेदवारको न्यूनतम योग्यता, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तसहितको विस्तृत विवरण कार्यालयबाट वा महानगरपालिकाको वेभसाईट www.bharatpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

देहायः

| क्र.सं. | सूचना विज्ञापन नं. | पद | किसिम | माग पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | १।०८२।८३ | नगर प्रहरी सहायक निरीक्षक | खुला | १ |
| २ | २।०८२।८३ | नगर प्रहरी जवान | खुला | ३ |
| ३ | ३।०८२।८३ | नगर प्रहरी जवान | महिला | १ |
| ४ | ४।०८२।८३ | नगर प्रहरी जवान | दलित | १ |
| ५ | ५।०८२।८३ | नगर प्रहरी जवान | आदिवासी जनजाति | १ |

योग्यताः

क) <u>नगर प्रहरी सहायक निरीक्षकका लागिः</u>

१. नेपाली नागरिक।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

३. उमेर १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी सहायक निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको जमदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।

४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

६. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

७. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ इन्च, छातीः ३१-३३ इन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाईः ५ फिट, तौलः ५० के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

ख) <u>नगर प्रहरी जवानको लागिः</u>

१. नेपाली नागरिक।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE तह वा सो सरह उत्तीर्ण गरेको।

उप-सचिव

# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

३. उमेर १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको।
४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।
५. मान्यता प्राप्त शैक्षिक संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।
६. सम्बन्धित ईलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।
७. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ इन्च, छातीः ३१-३३ इन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाईः ५ फिट, तौलः ५० के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

*नोटः नगर प्रहरी सेवाको पदमा पाँच वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको र तोकिएको शैक्षिक योग्यता भएको करार सेवामा कार्यरत नगर प्रहरी कर्मचारी एक तह माथिको पदमा उम्मेदवार हुन पाउनेछ ।*

**(ग) दरखास्तमा संलग्न गर्नुपर्नेः** यस कार्यालयको प्रशासन तथा जनशक्ति विकास शाखा वा कार्यालयको वेभसाइटबाट फाराम प्राप्त गरिसकेपछि उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ । पूर्व नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त फारामसंगै संलग्न राखी प्रशासन तथा जनशक्ति विकास शाखामा पेस गर्नु पर्नेछ ।

**(घ) समावेशिताका लागि छुट्याइएको पदको दरखास्त पेश गर्दा देहायको प्रमाण संलग्न हुनुपर्नेछः**
१. दलितका लागि राष्ट्रिय दलित आयोग वा जिल्ला/इलाका प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित भएको ।
२. आदिवासी जनजातिको लागि आदिवासी-जनजाति आयोग वा जिल्ला/इलाका प्रशासन कार्यालयबाट आदिवासी जनजाति भनी प्रमाणित भएको ।

**(ङ) परीक्षाको किसिमः** शारीरिक तथा स्वास्थ्य परीक्षण र अन्तरवार्ता ।

**(च) परीक्षा केन्द्रः** महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

**(छ) परीक्षाको मितिः** परीक्षाको मिति पछि प्रकाशित गरिनेछ ।

**(ज) परीक्षा दस्तुरः** परीक्षा दस्तुर देहाय बमोजिम हुनेछ ।
१. नगर प्रहरी सहायक निरीक्षकको लागि रु. ५००।-
२. नगर प्रहरी जवानको लागि रु. ३००।-
(समावेशीको एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २०% (रु. ६०।-) का दरले थप दस्तुर लाग्नेछ ।)

**(झ) दरखास्त दिने अन्तिम मितिः** मिति २०८२ भाद्र १९ गते कार्यालय समयभित्र ।

उप-सचिव